**नेपाल सरकार**

**सहरी विकास मन्त्रालय**

**अधिकार सम्पन्न बाग्मती सभ्यता एकीकृत विकास समिति**

**बाग्मती सुधार आयोजना**

# फोहरमैला व्यवस्थापन तथा सामाजिक परिचालन सम्बन्धी सूचना

**(बाग्मती नदी किनारको सुन्दरीजल देखि सिनामंगल खण्ड)**

नेपाल सरकार अधिकार सम्पन्न बाग्मती सभ्यता एकीकृत विकास समितिले एशियाली विकास बैंकको सहयोगमा बाग्मती नदी किनाराको सरसफाई तथा नदी तटीय क्षेत्रलाई उद्यानको रुपमा विकास गर्ने उद्देश्यले बाग्मती नदी सुधार आयोजना मार्फत विभिन्न गतिविधिहरु सुरु गरेको छ । बाग्मती नदीको ढल व्यवस्थापन, फोहरमैला व्यवस्थापनका साथै सरकारी/गैर सरकारी र निजी क्षेत्रसँगको हातेमालोमा यी कार्यक्रमहरु अघि बढाउने तयारीमा यस समिति रहेको छ । यसै क्रममा आयोजना मार्फत विभिन्न निकायहरु परिचालित भएको अवस्था छ ।

बाग्मती नदी किनारा क्षेत्रमा फोहरमैला व्यवस्थापन र सामाजिक परिचालनका कार्यहरुका लागि समिति अन्तर्गत आवश्यक तयारीहरु भइरहेका छन् । समितिका लागि यी कार्यहरु गर्न एकीकृत विकास समाज नेपाल (आइडीएस नेपाल) छनौट भई प्रारम्भिक कार्यहरु सुरु गरिसकेको छ । यस क्रममा आयोजनाले फोहरमैला व्यवस्थापन र सामाजिक परिचालनमा कार्य गरिरहेका र गर्न इच्छुक संघ, संस्था, निकाय तथा निजी क्षेत्रको तथ्यांक अद्यावधिक गर्ने कार्य गरिरहेको हुँदा सुन्दरीजलदेखि सिनामंगल क्षेत्रमा बाग्मती नदी सुधारमा आफूले गरेका कार्य वा कार्य गर्न इच्छुक संघ संस्थाहरुले सो सम्बन्धी जानकारी बाग्मती सुधार आयोजनामा उपलब्ध गराइदिनुहुन अनुरोध छ । उपरोक्त जानकारी **२०७३ कार्तिक मसान्तभित्र** आयोजनाको निम्न ठेगानामा आइपुग्ने गरी उपलब्ध गराइदिनुहुन अनुरोध छ ।

जानकारीमा संस्थाको नाम, ठेगाना, सम्पर्क नम्बर, सम्पर्क व्यक्ति तथा बाग्मती नदी किनारा क्षेत्रमा (सुन्दरीजलदेखि सिनामंगल सम्ममा) गरिरहेको/गर्न चाहेको कामको संक्षिप्त विवरण समावेश गरिदिनुहुन अनुरोध छ । **जानकारी पठाउँदा खुलाउनुपर्ने विवरणहरुको बारेमा यस आयोजनाको वेबपेज www.brbip.gov.np मा हेर्नुहुन सबै सरोकारवालाहरुमा अनुरोध छ ।**

**अधिकार सम्पन्न बाग्मती सभ्यता एकीकृत विकास समिति**

**बाग्मती सुधार आयोजना**

**गौरीघाट, काठमाडौं**

**फोन : ४४७९७०३, ४४९८६१९**

**इमेल : info@bagmati.gov.np, hpcidbcoffice@gmail.com**

# बाग्मती नदी सुधारका लागि संघ, संस्था, निकाय तथा निजी क्षेत्रबाट भइरहेको कार्यको जानकारी

| | | |
|---|---|---|
| संस्थाको नाम | | |
| ठेगाना | | |
| सम्पर्क नम्बर | कार्यालय | |
| | मोबाइल | |
| सम्पर्क व्यक्ति | | |
| संस्थाको प्रकार | | क) गैसस ख) निजी क्षेत्र ग) गुठी घ) अन्य ...................................................... |
| इमेल ठेगाना | | |
| बाग्मती नदी क्षेत्रमा (सुन्दरीजलदेखि सिनामंगल सम्ममा) गरिरहेको /गर्न चाहेको कार्य (बढीमा ५०० शब्द) जानकारी पत्रमा कहिलेदेखि कामको विवरण र यसरी काम गरिरहेको सुरु मिति पनि खुलाइदिनुहोला । | | |
| | | |